जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १२२ | २०७८ साल मंसिर २३ गते बिहीबार (9 Dec. 2021 Thursday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नयाँ भेरियन्टको कोरोना.. ३ पृष्ठमा : ६० वर्षमाथिका भेरोसेल ... ३ पृष्ठमा :बेलायतमा ओमिक्रोनका १००...

# श्रृंखलावद्ध रुपमा तीन जनाको हत्या गरि फरार अपराधी सात वर्षपछि पक्राउ



तीन जनाको हत्याका आरोपी गुलजार मियाँ



*फेला परेको दुलारी देवी साहको कंकाल । फायल तस्बिर*



*फेला परेको सहबुद मियाँको कंकाल । फायल तस्बिर*



*फेला परेको सागिरा खातुनको कंकाल । फायल तस्बिर*

**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

सात वर्ष अघि श्रृंखलाबद्ध रुपमा तीन जनाको हत्या गरि फरार रहेका एक कुख्यात अपराधीलाई सप्तरी प्रहरीले मंगलबार पक्राउ गर्न सफल भएको छ ।

साविक सप्तरीको पटेर्वा गाविस हाल सुरुङ्गा नगरपालिका १० थलहा बस्ने ६० वर्षिय गुलजार मियाँलाई पक्राउ गर्न प्रहरी सफल भएको हो ।

छिमेकी जिल्ला सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका १ स्थित महेश्वरी टोलको एक घरमा लुकिछिपी बसेको अवस्थामा मंगलबार साँझ उनलाई पक्राउ गरि प्रहरीले बुधबार सार्वजनिक गरेको हो ।

पक्राउ परेका मियाँले २०७२ बैशाख २७ गते सप्तरीको साविक जण्डौल गाविस ८ हाल अग्निसाइर कृष्णासवरण गाउँपालिका २ निवासी २४ वर्षिया दुलारीदेवी साह र २०६९ असोज १० गते साविक कल्याणपुर गाविस ८ हाल खडक नगरपालिका ३ बस्ने सहबुद मियाँ र उनका बुहारी सागिरा खातुनको हत्या गरेको प्रहरीको भनाई छ । तीनै जनाको शव गाडिएको स्थानबाट कंकालको रुपमा प्रहरीले बरामद गरेको थियो ।

घटना लगत्तै फरार भएका उनी हाल छिमेकी गाउँमा लुकिछिपि बस्दै आएको गोप्य सूचना आएपछि प्रहरीले घेरा हाली पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए । हत्याका दुबै छुट्टाछुट्टै घटना पैसाका लागि गरिएको अनुसन्धानका क्रममा खुलेको छ ।

प्रहरीका अनुसार अग्निसाइर कृष्णासवरण गाउँपालिका निवासी दुलारीका पति धिरेन्द्र कर्तव्य ज्यान

*बाँकी अन्तिम पृष्ठमा*

# प्रदेश २ मा ३० प्रतिशतलाई कोरोनाविरुद्धको पूर्ण खोप

जनकपुर, २२ मङ्सिर (रासस) ।

प्रदेश २ मा ३० दशमलव ४३ प्रतिशत नागरिकलाई कोरोनाविरुद्धको पूर्ण खोप दिइएको छ ।

सप्तरीमा ३० दशमलव ३१, सिरहामा २९ दशमलव ५७, धनुषामा ३२, महोत्तरीमा २७ दशमलव ७४ प्रतिशत, सर्लाहीमा ३४ दशमलव ५४, रौतहटमा २९ दशमलव ४१, बारामा ३० दशमलव ६४ र पर्सामा २७ दशमलव ७५ प्रतिशतले कोभिड-१९ विरुद्धको पूर्ण खोप लगाएको प्रदेश २ का स्वास्थ्य निर्देशक विजय झाले जानकारी दिनुभयो ।

कोरोना भाइरसको सङ्क्रमण कायमै रहे पनि ग्रामीण भेगमा अझै कोरोनाविरुद्धको खोप लगाउन डराइरहेकाले लक्ष्यअनुसार खोप

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# खेलाडी अस्पतालको अवधारणा लागु गर

नेपालमा हाल क्रिकेट र फुटबल खेलले गति लिएको अवस्था छ । ती खेल मध्ये क्रिकेट खेलका खेलाडीहरुले अन्तर्राष्ट्रिय जगतमा नेपाललाई पहिचान दिलाउन सफल भएका छन् । तर, ती खेलाडीको कदर जति हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन । खेलाडीहरु घाइते भए उनीहरुका लागि छुट्टै अस्पतालको निर्माण नहुँदा खेलाडीहरु मर्कामा पर्ने गरेका छन् । देशका लागि आफ्नो ज्यानको बाजी राखेर खेल्ने खेलाडीहरु घाइते हुँदा उपचारका लागि सार्वजनिक अस्पतालमा जाने गर्छन् । तर त्यहा उनीहरुको गतिलो हेरचार हुने गरेको पाइदैन् ।

खेलाडीहरुका लागि छुट्टै अस्पताल बन्न नसक्दा उनीहरु निरुत्साहित बनेका छन् । त्यस सम्बन्धमा खेलाडीहरुले सरकारको ध्यानकर्षण पनि गराएका छन् । सरकार खेलाडीका लागि छुट्टै अस्पताल बनाउने भन्दा पनि राष्ट्रिय खेलकुद परिषद् परिसरमा रहेको मेडिकल विभागलाई व्यवस्थित गरी खेलाडीको उपचारमा प्रयोग गर्ने सोच बनाएको छ । तत्कालका लागि सोही विभागमा जनशक्ति उपकरण थपेर प्रशिक्षणमा रहेका वा प्रतियोगिता खेल्दै गरेका घाइते खेलाडीको उपचारको व्यवस्था मिलाउन सरकार तयार रहेको छ ।

राम्रो खेलाडी उत्पादन गर्न पर्याप्त लगानी आवश्यक छ । स्वस्थ खेलाडीका लागि उपचारसँगै पोषण र अनुशासन पनि त्यत्तिकै जरुरी हुन्छ । तसर्थ सबै सुविधा उपलब्ध हुने खालको राष्ट्रिय स्तरको अस्पताल निर्माण गर्न सके घाइते खेलाडीहरु समयमै उपचार पाउनुका साथै खेल खेल्नबाट बञ्चित हुदैनन् ।

# नयाँ भेरियन्टको कोरोना भित्रिएसँगै मुलुकभर सुरक्षा सतर्कता बढाइयो

काठमाडौँ, २२ मङ्सिर (रासस) ।

नेपालमा कोभिड-१९ को नयाँ भेरियन्ट (ओमिक्रोन) भित्रिएसँगै मुलुकभर उच्च सतर्कता अपनाउन थालिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को यही मङ्सिर १३ गते र त्यसअघिका निर्णयका आधारमा गृहमन्त्रालयले प्रहरी तथा स्थानीय प्रशासनलाई आन्तरिक सर्कुलर जारी गर्दै उच्च सावधानी अपनाउन भनिसकेको छ । सोही आधारमा जिल्ला जिल्लामा आवश्यक तयारी थालिसकिएको छ ।

गृहप्रवक्ता प्रदीपकुमार कोइराला मन्त्रिपरिषद्ले विभिन्न मितिमा गरेको निर्णय र कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी)को निर्णयका आधारमा तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न र गराउनका लागि मातहतका निकायलाई सर्कुलर जारी गरिसकेको जानकारी दिनुभयो । सोहीअनुसार सीमा क्षेत्रका जिल्लाले आवश्यक निर्णय गरी कार्यान्वयनसमेत गर्न थालिसकेका छन् ।

यसअघि कोभिड-१९ को सङ्क्रमण न्यून भएकाले मापदण्ड कार्यान्वयनमा केही खुकुलो भएको थियो । अहिले पनि मापदण्ड विपरीतका कार्यक्रम देखिँदै आएको छ । पुनः त्यही मापदण्ड कार्यान्वयन गरी भीडभाड कम गर्न, दुई मिटरको दूरी कायम गर्न तथा साबुनपानीले नियमित हात धुने, सेनिटाइज गर्ने र खोप अभियानमा मानिसलाई सरिक गराउने जस्ता गतिविधिमा जोड दिन थालिएको छ ।

गृहप्रवक्ता कोइरालाले मापदण्ड पालना गराउन र सीमा प्रवेशमा सुरक्षा अपनाउँदै कडाइ गर्न थालिएको जानकारी दिनुभयो । उहाँले नयाँ केसको विषयमा सिसिएसमसी र स्वास्थ्य मन्त्रालयको विशेष निर्णयका आधारमा आवश्यक निर्णय गरेर अघि बढ्ने पनि बताउनुभयो ।

अघिल्लो हप्ता नेपाल आएका दुई विदेशी नागरिकमा कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन पुष्टि भएको थियो । त्यसको सङ्क्रमणमा गति उच्च रहेकाले सङ्क्रमण फैलिन नदिन नेपाल सरकार मन्त्रिपरिषद्को यही मङ्सिर १३ गतेको निर्णयअनुसार ओमिक्रोन देखिएका विभिन्न १० मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाइएको छ ।

सङ्क्रमित दुई नागरिक सङ्क्रमणमुक्त भइसकेका र उनीहरुको सम्पर्कमा रहेका भनिएका ६६ जनाको परीक्षण गर्दा कसैमा नदेखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो कोभिड-१९ को पछिल्लो समयमा पुष्टि भएको नयाँ भेरियन्ट हो वा रुप परिवर्तन भएको अवस्था हो । शुरुमा दक्षिण अफ्रिकामा पुष्टि भएको यो भेरियन्ट धेरै छिटो फैलिनसक्ने जनाइएको छ ।

त्यसैले सरकारले दक्षिण अफ्रिका, बोत्सवाना, जिम्बाब्वे, नामिबिया, लेसोथो, इसवाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउनेलाई प्रवेश अनुमति नदिने निर्णय गरेको हो ।

सङ्क्रमण जोखिम भएका मुलुकबाट नेपाल भ्रमणमा आउने यात्रुलाई अनअराइभल भिसा पनि नदिने सरकारले निर्णय गरेको छ । जोखिम भएका मुलुकबाट नेपाल भ्रमण गर्ने यात्रुले आफ्नै खर्चमा अनिवार्य सात दिन होटल क्वारेन्टिनमा बस्नुपर्ने निर्णय पनि सरकारले गरेको छ ।

नेपाल प्रहरीका प्रवक्ता वसन्तबहादुर कुँवरले नेपाल सरकार गृहमन्त्रालयको निर्देशनअनुसार सबै प्रहरी एकाइमा परिपत्र जारी गरी आवश्यक सतर्कता अपनाउन र मापदण्ड पालना गराउने सन्दर्भमा ध्यान दिन निर्देशन दिइसकिएको जानकारी दिनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारी अनिवार्य मास्क प्रयोग गर्ने, दुई मिटर दूरी कायम गर्ने र राम्ररी साबुनपानीले हात धुने तथा सेनिटाइजरको प्रयोग गर्दा पनि नयाँ भेरियन्ट सङ्क्रमण रोक्न सकिने विज्ञबाट जानकारी आएको तर यसको अझै अध्ययन हुन बाँकी रहेको बताउनुहुन्छ । "अहिलेसम्मको पुष्टि भएको आधारमा यसअघि अपनाइएका मापदण्ड र खोप कार्यक्रम नै प्रभावकारी छ, हामीले त्यसलाई नै ध्यान दिनुपर्छ", डा अधिकारीले भन्नुभयो ।

स्वास्थ्य विज्ञ डा विवेककुमार लाल खोप लिएर सुरक्षित हुन आग्रह गर्नुहुन्छ । "नयाँ कोरोना भाइरस ओमिक्रोन सङ्क्रमण रोक्न के गर्ने, खोपले काम गर्छ कि गर्दैन भन्ने जिज्ञासा सबैमा छ, अहिलेसम्मको अध्ययनले खोप प्रभावकारी नै छ", डा लालले थप्नुभयो, "विज्ञको सिफारिस भनेको नै जनस्वास्थ्यका सबै मापदण्ड र उपलब्ध भएका खोपलाई निरन्तरता दिनु भरपर्दो र सुरक्षित उपाय हो ।"

प्राप्त विवरणअनुसार हालसम्म विश्वमा २६ करोड ५७ लाख बढीमा सङ्क्रमण पुष्टि भइसकेको छ । अमेरिका र युरोपपछि दक्षिण पूर्वीएसियाली क्षेत्र कोरोनाबाट बढी प्रभावित छ । हालसम्म ५२ लाखभन्दा बढीको मृत्यु भइसकेको छ । नेपालमा भने ५४ लाखभन्दा बढीमा परीक्षण गर्दा नौ लाख १९ हजारमा सङ्क्रमण भएको तथ्याङ्क छ । अहिलेसम्म ११ हजार ५४७ को मृत्यु भइसकेको छ । नेपालमा सङ्क्रमणदर १७ दशमलव छ प्रतिशत छ । प्रति १० लाखमा ३८० को मृत्यु भएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले बताउनुभयो । केही शहरी क्षेत्रमा बढी सङ्क्रमित रहेका पनि उहाँले जानकारी दिनुभयो ।

# मुलुकलाई निकास दिन कांग्रेस वैचारिक बहसमा केन्द्रित होस् : प्रतिपक्षी

काठमाडौँ, २२ मङ्सिर (रासस) ।

सहयात्री राजनीतिक दलले १४औँ महाधिवेशनबाट मुलुकलाई हालको परिस्थितिबाट निकास दिनका लागि वैचारिक बहससहित सुस्पष्ट कार्यदिशाको मार्गचित्र घोषणा गर्न नेपाली कांग्रेसलाई सुझाव दिएका छन् । प्रमुख प्रतिपक्षलगायत दलले मुलुकमा लोकतन्त्र स्थापना गर्न भएका सबै आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेको प्रजातान्त्रिक दल हुनाको नाताले नेपाली समाजले खोजेको मागलाई सम्बोधन गर्ने वैचारिक र राजनीतिक बहसमा केन्द्रित हुन कांग्रेसलाई आग्रह गरेका हुन् ।

कांग्रेसको आसन्न महाधिवेशनका सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस) सँग कुरा गर्दै प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङले मुलुकका प्रमुख तीन अङ्ग प्रभावकारी नभएको परिस्थितिमा मुलुकलाई निकास दिन गम्भीररूपमा सोचेर नीतिगत बहस चलाउन सुझाव दिनुभयो । पूर्वसभामुखले भन्नुभयो, "संसद्ले काम गर्न सकेको छैन, न्यायपालिका ध्वस्तै छ, मुलुकमा अहिले धेरै विषय उठेका छन्, यस्तो अवस्थामा कांग्रेस महाधिवेशनको तयारीमा छ, उसले सोच्नुपर्छ, अहिलेको स्थितिबाट देशलाई कसरी बाहिर निकाल्ने भन्नेबारेमा ।"

कांग्रेसको अधिवेशन सफलताका लागि शुभकामना दिँदै एमाले संसदीय दलका उपनेता नेम्वाङले भन्नुभयो, "सबै राजनीतिक दलका अधिवेशन लोकतान्त्रिक विधि र प्रक्रियाअनुरुप सफलतापूर्वक हुनुपर्छ, यसले देशको संसदीय प्रणालीलाई बलियो बनाउँछ भन्ने मेरो मान्यता छ । यही मान्यतामा उभिएर कांग्रेसलाई मेरो शुभकामना रहन्छ ।"

'उत्साह, एकता र रुपान्तरण सफल बनाऔँ' भन्ने नारा तय गरिएको कांग्रेसको १४औँ महाधिवेशन यही मङ्सिर २४ देखि २७ गतेसम्म काठमाडौँमा हुँदैछ । नेपालको प्रजातान्त्रिक दलका रूपमा विश्वमै पहिचान राखेको कांग्रेसले यसपटक महाधिवेशनका लागि प्रतिनिधि छनोटमा पार्टीको आन्तरिक जीवनमा लोकतन्त्रको उच्चतम अभ्यास गरेको छ ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले जहानियाँ राणा शासन, प्रजातन्त्र र गणतन्त्र स्थापना, प्रतिगमनविरुद्धलगायत नेपालको प्रजातान्त्रिक आन्दोलनमा कांग्रेसको योगदान रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कांग्रेस आन्दोलनको पक्षधर हो र यसले नेतृत्वका लागि मात्र नभएर नीतिमा बहस गर्नुपर्छ ।"

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता लक्ष्मणलाल कर्णले कांग्रेस देशमा एउटा प्रजातान्त्रिक पार्टीका रूपमा स्थापित रहेको बताउनुभयो । सांसद कर्णले प्रजातन्त्र भनेको संसदीय व्यवस्था मात्रै भन्ने ठान्न नहुने र विकास अघि बढाउने सुस्पष्ट नीति र विचार हुनुपर्ने बताउनुभयो । उहाँले नागरिक समानता र गरिबी निवारण नभएसम्म प्रजातन्त्रले स्थायित्व पाउन कठिन हुन्छ भन्ने विषयमा महाधिवेशनमा छ्यालफल हुनुपर्ने बताउनुभयो ।

मुलुकको अनुभवी दलका कार्यकर्ताका हैसियतले कांग्रेसका चार हजार ७०० प्रतिनिधिले शुकबारदेखि सुरु हुने महाधिवेशनबाट नयाँ कार्यकालका लागि सभापति, उपसभापति र महामन्त्री दुई-दुई, सहमहामन्त्री आठसहित १३४ पदाधिकारी एवं सदस्यको चयन गर्ने छन् । नेपालको संसदीय अभ्यासमा निकै खारिएको कांग्रेसले विसं २०१५ को आमनिर्वाचनमा प्रतिनिधिसभामा ७३, २०४८ मा ११०, २०५१ को उपनिर्वाचनमा ८३ र २०५६ मा पुनः १११ स्थानमा विजय हासिल गरेको थियो । मुलुकमा सशस्त्र सङ्घर्षको शान्तिपूर्ण राजनीतिक रुपान्तरणका लागि निर्णायक भूमिका खेलेको कांग्रेसकै अगुवाइमा २३८ वर्ष लामो शाहवंशीय राजतन्त्र अन्त्य भएको थियो । राष्ट्रिय जनान्दोलन रमपी-२ को सफलतापछि पुनःस्थापित ३३० सदस्यीय व्यवस्थापिका -संसद्मा पनि सबैभन्दा ठूलो दलका रूपमा रहेको कांग्रेस विसं २०६४ मा ६०१ सिटका लागि भएको निर्वाचनमा भने ११४ सिटमा खुम्चिएको थियो । विसं २०७० को दोस्रो संविधानसभामा सबैभन्दा ठूलो अर्थात् २०७ सिटका साथ संसद्मा पुगेको कांग्रेसकै अगुवाइमा सात दशक लामो नेपाली जनताको चाहना र बलिदानको उपलब्धिका रूपमा संविधानसभाबाट संविधान जारी गर्न सफलता प्राप्त भयो ।

नेकपा (माओवादी केन्द्र) का नेता गिरिराजमणि पोखरेलले कांग्रेस नेपालको सामन्तवाद विरोधी आन्दोलनको सङ्घर्षशील राजनीतिक दल भएको जनाउँदै विसं २०७२ को संविधान कांग्रेस र कम्युनिष्ट पार्टीबीच सहमतिको दस्तावेजका रूपमा जारी भएको बताउनुभयो । सांसद पोखरेलले भन्नुभयो, "राणाविरोधी आन्दोलनका क्रममा स्थापना भएको कांग्रेस सहिद, जेलनेल भोगेको राजनीति हो । शासकीय स्वरुप र अरु केही प्रश्नमा मतभेद भए पनि अहिले पनि मिलेर सरकार चलाइरहेका छौँ ।"

प्रतिगमनविरोधी आन्दोलनमा मिलेर नै सङ्घर्ष गरिएको स्मरण

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ६० वर्षमाथिका भेरोसेल लगाएका ज्येष्ठ नागरिकलाई 'बुस्टर डोज' दिइने

काठमाडौँ, २२ मङ्सिर (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस विरुद्धको खोप लगाएका व्यक्तिलाई खोपको थप मात्रा ('बुस्टर डोज') दिने भएको छ। राष्ट्रिय खोप सल्लाहाकार समितिको सिफारिसका आधारमा ६० वर्षभन्दा माथिका भेरोसेलको दुई मात्रा लगाएका ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिइने भएको हो।

समितिको सिफारिस र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को मापदण्डमा परेका ६० वर्षभन्दा माथिका भेरोसेल खोपको दुई मात्रा लगाएका ज्येष्ठ नागरिकलाई एक मात्रा खोप पुनः दिन थालिएको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका प्रमुख डा विवेककुमार लालले जानकारी दिनुभयो।

राष्ट्रपति विद्यादेवी भण्डारीले पनि स्वास्थ्यमन्त्री विरोध खतिवडा र मन्त्रालयका उच्च अधिकारीसँग यही मङ्सिर १७ गते गर्नुभएको छलफलमा एक चरण खोप लगाइसकेका नागरिकका लागि विशेषज्ञको राय लिएर 'बुस्टर डोज' उपलब्ध गराउन आग्रह गर्नुभएको थियो।

"भेरोसेल खोपको दुई मात्रा लगाइसकेका ६० वर्षभन्दा माथिका व्यक्तिलाई थप मात्रा (बुस्टर डोज) दिन डब्लुएचओले सिफारिस गरेको छ", उहाँले बुधबार मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, "सोही सिफारिसलाई खोप सल्लाहकार समितिले नेपालमा पनि ६० वर्षभन्दा माथिका भेरोसेल लगाएका दुई मात्रा लगाएका सबै व्यक्तिलाई तीन महिनापछि एक मात्रा खोप बुस्टर डोज लगाउन सिफारिस गरेको छ। सोही अनुसार मन्त्रालयले गृहकार्य अगाडि बढाइसकेको छ।"

बढीभन्दा बढी जनसङ्ख्या खोप लगाएपछि पनि पुनः थप मात्रा (बुस्टर डोज) दिने उहाँको भनाइ रहेको छ। "अहिलेको कोरोना भाइरसको भेरियन्टको सङ्क्रमणको जोखिम कति छ। यसभन्दा अगाडि लगाएका खोपले अहिलेको भेरियन्टसँग जुध्न सक्छ कि सक्दैन भन्ने अध्ययनको नतिजा आउँछ भन्नेबारेमा डब्लुएचओले बुस्टर डोजको अध्ययन गरिरहेको छ। त्यो सबैको परिणामको पुनः आकलन गरेर सरकारले बुस्टर डोजको बारेमा थप निर्णय लिने छ", उहाँले भन्नुभयो।

केही विशेष अवस्थाका व्यक्तिलाई खोप लगाएपछि जुनस्तरमा रोग प्रतिरोधात्मक क्षमता हुनुपर्ने हो, त्यो नभएपछि त्यस्ता व्यक्तिलाई थप मात्रा (बुस्टर डोज) दिन डब्लुएचओले सिफारिस गरेको छ। यस्तै क्यान्सरका रोग भएका, अङ्ग प्रत्यारोपण गरेका, रोग प्रतिरोधी क्षमता कम भएका (एचआइभी), रोग प्रतिरोधी क्षमता दबाउने औषधि प्रयोग गर्ने व्यक्तिलाई लक्षित गरी एक मात्रा खोप दिनका लागि पनि डब्लुएचओले सिफारिस गरेको छ।

विश्वका केही देशले आफूखुशी निर्णय गरेर बुस्टर डोज लगाउने गरेको पाइएको छ तर डब्लुएचओले सबै जनसङ्ख्यालाई समेटेर बुस्टर डोज लगाउनका लागि सिफारिस भने गरेको छैन। "अझै पनि सबै सदस्य राष्ट्रले बढीभन्दा बढी जनसङ्ख्यालाई खोप लगाउनुपर्दछ। त्यो सबै जनसङ्ख्यालाई लगाइसकेपछि बल्ल थप मात्र लगाउन पर्दछ भनेको छ," उहाँले भन्नुभयो। नेपालमा कोभिशिल्ड एस्ट्राजेनिका, भेरोसेल, जोन्सन एण्ड जोन्सन र फाइजर खोप लगाइँदै आइरहेको छ। नेपालमा लक्षित जनसङ्ख्याको ५३.७ प्रतिशतलाई पहिलो मात्रा र ४४.५ प्रतिशतलाई पूर्ण मात्राको खोप लगाइएको छ।

**कोभिशिल्ड छ लाख मात्रा आयो, मोडर्ना आउँदै**

कोराना भाइरस विरुद्धको खोप कोभिशिल्ड बुधबार छ लाख मात्रा नेपाल आएको छ। कोभ्याक्स सुविधाअन्तर्गत भारतको खोप बुधबार दिउँसो कतार एयरवेजबाट नेपाल आइपुगेको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्र चौरसियाले जानकारी दिनुभयो। उहाँका अनुसार खोपलाई टेकुस्थित भण्डारण केन्द्रमा राखिएको छ। बुधबार आएकोसँगै नेपालमा अहिलेसम्म दुई करोड ७८ लाख मात्रा खोप नेपाल आइसकेको उहाँले बताउनुभयो।

यस्तै भोलि अमेरिकाबाट मोडर्ना खोप आउँदैछ। उहाँले भोलि १४ लाख मात्रा मोर्डना खोप नेपाल आउने जानकारी दिनुभयो। मोडर्ना खोप १२ देखि १७ वर्ष उमेरसमूहका बालबालिकालाई लगाइन्छ। सरकारले बालबालिका लागि ४० लाख मात्रा मोडर्ना र ६० लाख मात्रा फाइजर खोप खरिद गरी पुस १५ गतेसम्म ल्याउने तयारी गरेको छ।

# स्टडी ग्रुपले नेपाली विद्यार्थीहरूका लागि "जब रेडी प्रोग्राम" ल्याउँदै

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ मंसिर।**

अग्रणी विश्वव्यापी अन्तर्राष्ट्रिय शिक्षा प्रदायक स्टडी ग्रुपले अमेरिका र बेलायतका विभिन्न विश्वविद्यालयहरूमा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई उनीहरुको करियरमा मद्दत गर्ने उद्धेश्यले जब रेडि प्रोग्राम ल्याएको छ।

यो प्रोग्राम विशेष गरी नेपाली विद्यार्थीहरूलाई भविष्यमा सहज रुपमा रोजगारी पाउने अवसर बढाउनको लागि key transferable skills सिक्न मद्दत गर्न डिजाइन गरिएको हो जसले उनीहरूलाई पढ्दै कमाउने अवसर प्रदान गर्दै पढाई सकेपछि अन्तर्राष्ट्रिय कम्पनीहरुमा रोजगारी पाउन सक्षम बनाउँछ।

स्टडी ग्रुपले यूके इन्टरनेशनल स्टडी सेन्टर वायुएस इन्टरनेशनल कलेजबाट आफ्नो प्रकृया अगाडि बढाउने सबै विद्यार्थीहरूको सम्पूर्ण सेवा शुल्क व्यहोर्नेछ।

स्टडी ग्रुपका विद्यार्थीहरूले शैक्षिक सामग्रीको साथै सि.भी. लेखन र प्रोफाइल प्रेजेन्टेसनको लागि पनि सहयोग प्राप्त गर्नेछन्। यसको साथै उनीहरुले इन्टर्भ्यु कोचिङ, मक इन्टर्भ्युबाट पनि लाभ लिन सक्नेछन्। यो कार्यक्रम सकिएपछि विद्यार्थीहरुले सम्भावित रोजगारदाताहरुसँग ३ वटा सम्म इन्टर्भ्यु सेक्युर गर्न आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन्।

स्टडी ग्रुपको दक्षिण एसिया क्षेत्रीय निर्देशक निबन्दराले भने, "जब रेडी प्रोग्राम स्टडी ग्रुपको एउटा यस्तो गज्जबको पहलहो जसले नेपाली विद्यार्थीहरुलाई उच्च शिक्षा सक्किना साथ कामको लागि दक्ष (work ready) बनाउँछ। उनीहरुले युके आउना साथ आफैँले अध्ययन गरेको बिषयमा अझ ज्ञान र अनुभव बढाउँदै प्रोफेसनल कोर कम्पिटेन्सिज बढाउन र सम्बन्धित कामको अनुभव बढाउन सक्षम हुनेछन् जसले उनीहरुको भविष्यमा राम्रो रोजगारी पाउन सक्ने अवसर सुनिश्चित हुन्छ। फलस्वरुप नेपाली श्रम बजारमा अहिले देखा परिरहेको "स्किलग्याप" लाई पनि उनीहरु कम गर्न सक्षम हुनेछन्।

स्टडी ग्रुपको यस रोजगारी कार्यक्रममा "प्रिपेयर फर सक्सेस", "जब रेडी", "भर्चुअलइन्टर्न शिप" जस्ता कार्यक्रमहरु समावेश छन्। यी नयाँ कार्यक्रमहरु युके र युएसका विश्व-विद्यालयहरुमा राम्रोसँग अध्ययन सकाउन र एक्काइसौँ शताब्दीमा सफल हुन आवश्यक सीप प्रदान गर्न डिजाइन गरिएका हुन्।

नेपाली शैक्षिक पद्धतिबाट विदेशी शैक्षिक पद्धतिमा सजिलै ट्रान्जिसन हुन आवश्यक भाषाको साथ-साथै जीवनोपयोगी शिक्षा र लर्निङ स्किलहरु सिक्न विद्यार्थीहरुलाई सहयोग गर्ने उद्धेश्यले ल्याइएको अनलाइन कार्यक्रम हो। यो कार्यक्रमको तात्कालिक नतिजाको रुपमा यो कोर्समा सहभागि ८२% विद्यार्थीले आफ्नो उच्चशिक्षा अगाडि बढाउन आफु पर्याप्त रुपमा तयार भएको बताएका थिए।

**जब रेडि**

स्टडी ग्रुपका निःशुल्क रोजगार सेवा अन्तर्गत युकेमा अध्ययनरत नेपाली विद्यार्थीहरुले पढ्दै काम गर्ने अवसर पाउनुका साथै की ट्रान्स्फरेबल स्किल्स सिक्न र कामको अनुभव लिन सहयोग गर्नेछ।

**भर्चुअल इन्टर्नशिप**

स्टडीग्रुपले भर्चुअल इन्टनशिपस् पार्ट्नर्स लि.सँग सहकार्य गरेर नेपाली विद्यार्थीहरुलाई ७० भन्दा बढी देशहरुको ४० भन्दा बढी उद्योगहरुमा अनलाइन इन्टनशिशप र कामको अवसर प्रदान गर्नेछ। भर्चुअल इन्टनशिपस्ले विश्वभरीका ४,००० भन्दा बढी कम्पनीहरुसँग सहकार्य गरेर हजारौं विद्यार्थीहरुलाई रिमोट इन्टर्नशिपको माध्यमबाट प्रोफेसनल स्किलहरु वृद्धि गर्न सहयोग गर्छ।

## *मुलुकलाई निकास ...*

गर्दै पूर्वमन्त्री पोखरेलले संविधानको रक्षा र लोकतन्त्रलाई अघि बढाउने सन्दर्भमा पाँच दलबीच मतैक्यता भएकै कारण अहिले पनि सरकारमा मिलेर काम गर्ने अवसर प्राप्त भएको प्रतिक्रिया दिनुभयो। अधिवेशनमा सक्रिय कांग्रेस कार्यकर्ताले वैचारिक बहस भने कम गरेकाले वैचारिक र राजनीतिक बहसमा केन्द्रित हुन सत्ताको नेतृत्व गरेको दललाई सुझाव दिनुभयो।

विसं २०७४ को संसदीय निर्वाचनमा दोस्रो ठूलो दलका रूपमा ६३ सांसदसहित सदनमा प्रवेश गरेको कांग्रेसले पाँचदलीय गठबन्धनको नेतृत्व गर्दै सरकारको नेतृत्व लिन सफल भएको छ। पार्टीका पूर्वसभापति बिपी कोइराला, कृष्णप्रसाद भट्टराई, सुवर्णशम्शेर राणा, गणेशमान सिंह र महेन्द्रनारायण निधिलाई आदर्श व्यक्तिका रूपमा ग्रहण गर्ने कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाले पनि मुलुकको राजनीतिमा विशिष्ट योगदान दिनुभएको छ।

पूर्वमन्त्री हृदयेश त्रिपाठीले नेपालको लोकतान्त्रिक आन्दोलनमा पटक पटक अगुवाइ गरेको कांग्रेस ऐतिहासिक राजनीतिक दल भएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "प्रत्येक राजनीतिक दलले महाधिवेशनमा वैचारिक बहस अघि बढाउनुपर्नेमा त्यसमा कमी आएकाले कांग्रेसले यस महाधिवेशनमा वैचारिक बहसलाई केन्द्रित गरोस् भन्ने शुभकामना र शुभेच्छा प्रकट गर्छु।"

सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्ष, समानुपातिक समावेशी र समाजवादोन्मुख अर्थतन्त्रसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्ने श्रेयसमेत कांग्रेसले प्राप्त गरेको थियो। नेपाली राजनीतिमा लोकतन्त्रको पर्यायवाचीका रूपमा रहेको कांग्रेसले मुलुक हाँक्ने पटकपटक जिम्मेवारी प्राप्त गरे तापनि जनचाहनानुरुप विकासलाई अघि बढाउन नसकेको आरोप पनि खेप्दै आएको छ।

## विश्व समाचार

### बेलायतमा ओमिक्रोनका १०० भन्दा बढी सङ्क्रमित भेटिए

लन्डन २२ मङ्सिर (रासस/सिन्ह्वा)।

बेलायतमा मङ्गलबार कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनका १०० भन्दा बढी सङ्क्रमित भेटिएको बताइएको छ।

यहाँका स्वास्थ्य अधिकारीहरुले मंगलबार दिएको जानकारीअनुसार यो भाइरसका १०० जना भन्दा बढी सङ्क्रमित बेलायतमा देखिएका छन्।

बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले यस विषयमा मङ्गलबार यहाँको मन्त्रिपरिषदको बैठकमा जानकारी गराउनुभएको थियो।

साथै प्रधानमन्त्री जोन्सनले यो समेत गरी बेलायतमा ओमिक्रोनका ४३७ जना सङ्क्रमित भेटिएका जानकारी पनि दिनुभएको थियो।

उहाँले बेलायतका स्वास्थ्य अधिकारीहरुले अनुसन्धानलाई जारी राखेका र अहिलेको प्रारम्भिक तथ्यांकले यो भाइरस यस अघिको डेल्टा भाइरसभन्दा निकै रफ्तारमा फैलिने खालको रहेको आफूलाई जानकारी गराएका बताउनुभएको थियो।

हालै अफ्रिकामा देखिएर विश्वका अरु देशसम्म पुगेको भनिएको कोरोना भाइरसको यो भेरियन्ट बेलायतमा पनि केही दिनमात्र अघि देखिएको थियो।

प्रधानमन्त्री जोन्सनले देशव्यापी रुपमा नागरिकहरुलाई अघिल्लो डेल्टा भन्दा यो भाइरस निकै खतरनाक रहेको भन्दै सतर्कता अपनाउन आग्रह गर्नुभएको थियो।

### ओमिक्रोन अन्य भाइरस संस्करणहरु भन्दा खराब नभएको डब्ल्यूएचओ जानकारी

जेनेभा, २२ मङ्सिर (रासस/एएफपी)।

ओमिक्रोन अन्य भाइरस संस्करणहरु भन्दा खराब नभएको डब्ल्यूएचओ र अमेरिकाका शीर्ष वैज्ञानिकहरूले जानकारी दिएका छन्। ओमिक्रोन अन्य कोरोनाभाइरस स्ट्रेनहरू भन्दा नराम्रो जस्तो देखिन्छ। तर ओमिक्रोन भेरियन्ट गम्भीरतालाई न्याय गर्न थप अनुसन्धान आवश्यकता रहेको बैज्ञानिकहरुको भनाई रहेको छ।

ओमिक्रोनको त्रासले कैयौ राष्ट्रहरूलाई सीमा प्रतिबन्धहरु पुनः लागू गर्न बाध्य तुल्यायो र आर्थिक रूपमा दण्डित तालाबन्दीको फिर्ताको सम्भावना बढाएको छ।

"प्रारम्भिक तथ्याङ्कले यो धेरै गम्भीर छ भन्ने संकेत गर्दैन। वास्तवमा यदि केहि छ भने, दिशा कम गम्भीरता तिर छ, "डब्लूएचओको आपतकालिन निर्देशक माइकल रायनले एक अन्तर्वार्तामा भन्नु भएको छ। यद्यपी थप अनुसन्धान आवश्यक रहेको उहाँले बताउनु भएको छ। 'हामीसँग अत्यधिक प्रभावकारी खोपहरू छन् जुन अहिलेसम्मका सबै भेरियन्टहरुविरुद्ध प्रभावकारी साबित भएका छन्,' उहाँले बताउनुभएको छ।

शीर्ष अमेरिकी वैज्ञानिक एन्थोनी फौसीले डब्ल्यूएचओको दृष्टिकोणलाई प्रतिध्वनित गर्दै ओमिक्रोन प्रारम्भिक संकेतहरुको आधारमा अघिल्लो स्ट्रेन भन्दा खराब नदेखिएको र सम्भवतः हल्का भएको बताउनुभएको छ। स्पष्टरुपमा नयाँ संस्करण ओमिक्रोन डेल्टा भेरियन्ट भन्दा धेरै ट्रान्समिसिबल भएको र वर्तमान रुपमा प्रमुख विश्वव्यापी तनाव विषय पनि यही भएको फौसीले एएफपीलाई बताउनुभएको छ। यो लगभग निश्चित रुपमा डेल्टाभन्दा बढी गम्भीर नभएको उहाँले बताउनुभएको छ।

यसैबीच कोभिडविरुद्धका खोपहरूले नयाँ भेरियन्ट ओमिक्रोनबाट सङ्क्रमित भएकाहरूलाई गम्भीर अवस्थामा पुग्नबाट जोगाउन सक्षम रहेको विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओले जनाएको छ।

तर ओमिक्रोन भेरियन्टमा खोपको असर अन्य भेरियन्टको तुलनामा कम हुने कुनै सङ्केत नदेखिएको डब्ल्यूएचओका डा. माइकल रायनले बताउनुभएको छ।

"हामीसँग अत्यधिक प्रभावकारी खोपहरू छन् जुन गम्भीर रोग र अस्पताल पुऱ्याउने सन्दर्भमा हालसम्मका सबै भेरियन्टविरुद्ध प्रभावकारी देखिएका छन्। ओमिक्रोनविरुद्ध त्यस्तो नहुने आशा गर्नुपर्ने कुनै कारण छैन", डब्ल्यूएचओका आपतकालीन कार्यक्रमका कार्यकारी निर्देशक रायनले समाचार संस्था एएफपीलाई बताउनुभएको छ।

"प्रारम्भिक तथ्याङ्कअनुसार ओमिक्रोनले मानिसहरूलाई डेल्टा भेरियन्ट वा अन्य ''स्ट्रेन''भन्दा बढी बिरामी नपार्ने देखिएको उहाँले जानकारी दिनु भएको छ। यदि अरू केही भन्न सकिन्छ भने खोपले कम गम्भीर बनाउने चाहिँ पक्का हो", उहाँले थप जानकारी दिनुभएको छ।

ओमिक्रोन भेरियन्टविरुद्ध फाइजर खोपको प्रभावकारिताबारे थप तथ्याङ्क आगामी दिनहरूमा प्राप्त हुने अपेक्षा गरिएको छ। नयाँ भेरिअन्ट विरुद्ध मोडेर्ना, जोन्सन एन्ड जोन्सन र अन्य खोपहरूले कस्तो काम गर्न सक्छन् भन्ने विषयबारे उल्लेख्य डाटा प्राप्त भइसकेको छैन।

ओमिक्रोन हालसम्म फेला परेका कोभिडका प्रकार मध्ये सबैभन्दा बढी उत्परिवर्तित भेरियन्ट हो। सुरुमा यो भेरियन्ट दक्षिण अफ्रिकामा पुष्टि भएको थियो। हाल यहाँ कोभिडबाट सङ्क्रमित भएकाहरूको सङ्ख्या बढ्दो क्रममा छ।

जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्कअनुसार सन् २०१९ को डिसेम्बरमा चीनको हुबे प्रान्तको उहान सहरबाट शुरु भएको कोरोना महामारीको कारण हालसम्म विश्वभर ५० लाखभन्दा बढीको ज्यान गुमाइसकेका छन्।

### तमिलनाडुमा हेलिकप्टर दुर्घटना

चेन्नई, २२ मङ्सिर (रासस/एएनआई)।

तमिलनाडुमा बुधबार एक सैन्य हेलिकप्टर दुर्घटनाग्रस्त भएको छ। यस हेलिकोप्टरमा सुरक्षा प्रमुख (सीडीएस) विपिन रावत, उनका कर्मचारी र केही परिवारका सदस्यहरु सवार रहेका थिए। तमिलनाडुको कोइम्बटूर र सुलुरको बीचमा दुर्घटनाग्रस्त भएको जनाइएको छ। खोजी र उद्धार कार्य सुरु गरिएको स्रोतले जनाएको छ। थप विवरणहरु प्राप्त नभएको जनाइएको छ।

# प्रदेश २ स्तरिय महिला क्रिकेटमा बारा र सर्लाही बिजयी



**दैनिक समाचारदाता**
**राजबिराज २२, मंसिर ।**

प्रधानमन्त्री कप प्रदेश स्तरिय टि ट्वान्टी महिला सिनियर छनोट क्रिकेट प्रतियोगिता अन्तर्गत बुधबार सम्पन्न दुई खेलमा बारा र सर्लाही बिजय भएका छन् ।

सम्पन्न पहिलो खेलमा बाराले सिरहालाई ७ बिकेट तथा अर्को खेलमा सर्लाहीले सप्तरीलाई ९ बिकेट पराजित गरेको छ ।

राजबिराजस्थित राजरंगशाला खेल मैदानमा भएको पहिलो खेलमा टस जितेर बाराले २० ओभरमा ४ बिकेट गुमाई ९३ रनको योगफल खडा गरेको थियो । जसमा प्रतिमा साह अविजित ३३ रन, साना प्रविण २० रन जोडेका थिए । बलिङतर्फ सिरहाकी अनुराधा चौधरी २ र चन्द्रिका साहले १ बिकेट हात पारिन ।

प्रतिउत्तरमा सिरहाले १३ ओभर ४ बलमा १० बिकेट गुमाई ८६ रन मात्र बनाउन सक्यो । जसमा आरती चौधरीले १५ रन, सरस्वति चौधरीले १२ रन जोडे । बलिङतर्फ बाराकी प्रियंका गुप्ता ३, साना प्रविण र मधु राउत २/२ तथा प्रतिमा साहले १ बिकेट लिएकी थिइन् । खेलमा बाराकी प्रतिमा साह म्यान अफ दि म्याच घोषित भइन् ।

यसैगरी सम्पन्न दोस्रो खेलमा टस जितेर सप्तरीले ९ ओभर खेल्दै सबै बिकेट गुमाई मात्र ३९ रनको योगफल खडा गर्न सक्यो । जसमा कुनै पनि खेलाडीले दोहोरो अंक पार गर्न सकेन भने अधिकांश रन अतिरक्तबाटै जोडिएका थिए ।

बलिङतर्फ सर्लाहीकी तुलसी बिश्वकर्माले उत्कृष्ट बलिङ गर्दै ५ बिकेट लिएपछि सप्तरी सस्तो मै सिमित रह्यो । खेलको म्यान अफ दि म्याच सर्लाहीकी तुलसी बिश्वकर्मा घोषित भइन् ।

# ई. सुतिहार र डा. चालिसेद्वारा उम्मेदवारी घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

नेपाली कांँग्रेसको १४औं महाधिवेशनमा सप्तरी कांँग्रेसका पुराना नेता ई. सकलदेव सुतिहार र डा. सुरेश चालिसेले केन्द्रिय सदस्य पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

सुतिहार र चालिसे दुबै सप्तरीको क्षेत्र नं. २ बाट महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका हुन् । बुधबार गृह जिल्लामा संचारकर्मीहरुसँग कुरागर्दै सुतिहारले आफू केन्द्रिय सदस्य पदमा उम्मेदवारी दिने निर्णय गरिसकेको बताएका छन् । उम्मेदवारी घोषणा गरे पनि उनले कुन टिमबाट लड्ने भन्ने कुरा तय गरिनसकेको बताएका छन् ।

२०३६ सालदेखी सक्रिय रुपमा कांँग्रेसको राजनीतिमा होमिएका सुतिहार संविधान सभा सदस्य, डेमोक्रेटिक्स इन्जिनियरिङ एशोसिएशनका राष्ट्रिय उपाध्यक्षका साथै आधा दर्जन बढी संघसंस्थामा रही कुशलतापूर्वक जिम्मेवारी बहन गरिसकेका छन् ।

यस्तै सप्तरी जिल्लाकै निवासी डा. सुरेश चालिसे पनी बुधबारै केन्द्रिय सदस्य पदमा चुनाव लड्ने घोषणा गरेका छन् । उनी पार्टीको विभिन्न तहका साथै नेपालका लागि अमेरिकाको राजदुतको रुपमा समेत जिम्मेवारी कुशलतापूर्वक निर्वाहा गरिसकेका छन् ।

# सभापतिका साझा उम्मेद्वार बनाउने कसरतमा नेताहरू

काठमाडौँ, २२ मङ्सिर (रासस) ।

सभापतिका साझा उम्मेद्वार सहमतिका साथ टुङ्गो लगाउन नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल समूहका नेताले कसरत गरिरहेका छन् ।

बत्तिस पुतलीस्थित अनुपम फुड्ल्याण्डमा बसेको बैठकले सभापतिका लागि साझा उम्मेद्रवार बनाउने अन्तिम तयारी गरेको हो । पार्टीका पदाधिकारी, केन्द्रीय सदस्य तथा जिल्ला सभापति, निवर्तमान सभापतिको संयुक्त बैठकले सभापतिका आकांक्षी चार नेतालाई सहमतिमा ल्याएर साझा उम्मेद्वार बनाउन सुझाएको छ ।

बैठकमा सहभागी अधिकांश नेताले पार्टीमा निरन्तर लामोसमयदेखि त्याग गरेका सर्वस्वीकार्य नेतालाई सभापतिको उम्मेद्वार बनाउन सुझाएका छन् । संयुक्त बैठकपछि चाक्सीबारीमा अपराह्न ३ बजे शीर्ष नेताहरूसहितका पदाधिकारी र केन्द्रीय सदस्यको बैठकले साझा उम्मेद्वारको टुङ्गो लगाउने केन्द्रीय सदस्य बद्रीप्रसाद पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, "व्यक्ति नटुङ्गिए पनि छलफल केही साँघुरिएको छ, बेलुकासम्म सभापतिको उम्मेद्वार टुङ्गो लाग्छ ।"

केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले पार्टीका पूर्व सभापति, वर्तमान सभापतिलगायतसँग बसेर छलफल गरिएको र विभिन्न कोणबाट सुझाव आएकाले पुनः केन्द्रीय सदस्य तथा पदाधिकारीसहितको बैठकले अन्तिम टुङ्गो लगाउने बताउनुभयो । उहाँका अनुसार सकेसम्म चार जनाबीच नै सहमति गरेर साँझसम्म सभातिको उम्मेद्वार बनाइनेछ । बैठकमा वरिष्ठ नेता पौडेल केहीसमय बसेर बाहिरिनुभएको थियो । चारजनामध्ये आफू पनि सभापतिको उम्मेद्वार भएकाले बैठकको निष्कर्षलाई स्वीकार्ने सञ्चारकर्मीलाई प्रतिक्रिया दिनुभएको थियो ।

### *प्रदेश २ मा ३० ...*

लगाउन नसकिएको उहाँको भनाइ छ । कोरोना भाइरसको नयाँ भेरियन्टको खतरा बढेपछि नेपाल-भारत प्रवेश नाकामा 'हेल्थ डेस्क' सञ्चालन गरिएको छ । सीताराम विवाहपञ्चमी महोत्सवका अवसरमा भारतबाट आउने साधुसन्त र सर्वसाधारण श्रद्धालु भक्तजनलाई लक्षित गरी 'हेल्थ डेस्क' सञ्चालन गरिएको हो ।

# भारतीय 'चिफ अफ डिफेन्स स्टाफ' जनरल रावतको निधन पुष्टि

काठमाडौँ, २२ मङ्सिर (रासस) ।

भारतका 'चिफ अफ डिफेन्स स्टाफ' जनरल विपिन रावतको हेलिकोप्टर दुर्घटनामा निधन भएको छ । उहाँ सवार भारतीय वायु सेनाको एमआई १७ भी ५ हेलिकोप्टर बुधबार दिउँसो भारतको तमिलनाडुको कुन्नरमा दुर्घटना हुँदा रावतसहित १३ जनाको मृत्यु भएको हो । सुलुरस्थित सैन्य शिविरबाट वेलिङटनका लागि उडेको हेलिकप्टर दुर्घटना परेको थियो ।

भारतीय वायु सेनाको आधिकारीक ट्वीटर एकाउन्टबाट प्राप्त जानकारीअनुसार, रावतसँगै उनकी पत्नी मधुलिका रावत तथा अन्य ११ सैनिकको मृत्यु भएको छ । भारत सरकारले रावतलाई दुई वर्ष अघि चिफ अफ डिफेन्स स्टाफको जिम्मेवारी दिएको थियो । उहाँ भारतका पूर्वस्थल सेना प्रमुख एवं नेपाली सेनाका पूर्वमानार्थ महारथी हुनुहुन्छ । उहाँलाई नेपाली सेनाको मानार्थ महारथीबाट २९ मार्च २०१७ मा सम्मान प्रदान गरिएको थियो ।

### *श्रृंखलावद्ध ...*

मुद्दाका आरोपित रही पूर्पक्षका लागि राजविराज कारागारमा रहेको बेला उनलाई कारागारबाट छुटाइदिने भन्दै गुलजारले दुलारीसँग ६ लाख मागेका थिए । दुलारीले जग्गा बिक्रि गरि ६ लाख गुलजारलाई दिएपनि गुलजारले दुलारीको हत्या गरि कुलोमा गाडेको अनुसन्धानको क्रममा पत्ता लागेको थियो । उक्त घटनाको केही दिनपछि दुलारीको कंकाल प्रहरीले सोही स्थानबाट फेला पारेको थियो ।

त्यस्तै सोही प्रकृतिको घटना पटेर्वा गाविसमा पनि भएको थियो । त्यहाका मो. आलम भन्ने व्यक्ति कर्तव्य ज्यान मुद्दामा पूर्पक्षका लागि राजविराज कारागारमा बन्दी जिवन बिताइरहेका थिए । उनलाई पनि छुट्याइदिन्छु भन्दै गुलजारले ३ लाख रुँपैया उनका बुबा सहबुदसँग मागेका थिए । गुलजारको भ्रममा परी सहबुद र बुहारी सगिरा ३ लाख रुँपैया लिएर जाँदा उनको पनि रकम लुटेर हत्या गरिएको थियो ।

यता पक्राउ परेका गुलजार छिमेकी जिल्ला सुनसरीको इनरुवामा सात वर्ष अघि भएको एक सामुहिक हत्या काण्डमा समेत सामेल भएको प्रहरीले आशंका गरेको छ ।

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं,नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*